रंगेली नगरपालिका
Rangeli Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
रंगेली, मोरङ
Rangeli, Morang
१ नं. प्रदेश नेपाल /Province No. 1 Nepal

पत्र पंख्याः २०७६/७७ मितिः २०७६।०७।१९

## सडकको रेखाङ्कन भित्रका घरटहराहरु हटाउने सार्वजनिक सूचना

यस रंगेली नगरपालिका भित्र पर्ने विराटनगर-रंगेली-झापा हुलाकी सहायक राजमार्ग सडकको आमतोला कोल्ड स्टोर देखि पूर्व नक्सा सिट नं. १७८-७२०-२१, १७८-७२०-२२, १७८-७६०-०२, १७८-७६०-०३, १७८-७२० का जग्गाहरुमा रहेका घर टहरा हटाउनका लागि मिति २०७५/०१/०५ मा सम्वन्धित जग्गा धनीहरुलाई पत्राचार गरिएको र पत्र नवुझ्ने घरधनी हरुलाई सम्वन्धित घरधनीको घर दलानमा पत्र टाँस गरि मुचुल्का गरिएको र मिति २०७६/०४/०३ मा समेत सार्वजनिक स्थानहरुमा सूचना टाँस गरिएको थियो । सम्वन्धित स्थानीय वासीहरुले २०७६ सालको चाडपर्व पश्चात मात्र घरखाली गर्ने मौखिक प्रतिवद्धता गरे अनुसार भएको मौखिक सहमति वमोजिम हाल चाडपर्व तथा छठ समेत सकिएको र नेपाल सरकारवाट ठेक्का वन्दोवस्त समेत भई सडक निर्माण कार्य सुरु हुने भएकोले सडकको क्षेत्र भित्र दायाँ वायाँ १५/१५ मिटर (सडकको रेखाङ्कन) नेपाल सरकार सडकको नाममा दर्ता रहेको जग्गा भित्र रहेका घर टहरा यथासिघ्र खाली गरि दिनुहुन भनि हुलाकी सडक आयोजनाको च.नं. ८७ मिति २०७६/०६/०६ मा लेखी आएको हुँदा २०७६ मंसिर १ गते भित्र अनिवार्य हटाउनु हुन सवै सरोकारवाला हरुलाई जानकारी गराईन्छ । अन्यथा २०७६ मंसिर २ गते नगरपालिकाको तर्फवाट घरटहराहरु हटाईने हुँदा सो क्रममा घरधनी हरुलाई हुन सक्ने असुविधाको सम्वन्धमा घरधनी स्वयम जिम्मेवार हुनुपर्ने व्यहोरा सर्वसाधारण तथा सरोकारवाला सवैमा जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत